नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०८०/०८१ (जिन्सी शाखा)
च.न.

## मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/०४)

यस नौमूले गाउँपालिकाको लागि आ.व. २०८०/०८१ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (संशोधन सहित) मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसाय नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा निवेदन दिनु हुन जानकारी गरिन्छ ।

तपसिलः

१. स्टेशनरी, मसलन्द, पत्रपत्रिका तथा पुस्तक आपूर्ति,
२. छपाई सम्बन्धी सम्पूर्ण कार्य,
३. विज्ञापन तथा सूचना सम्बन्धी कार्य,
४. फोटोकपी, ब्याइिडङ्ग, टाइप, प्रिन्ट तथा फोटो सम्बन्धी कार्य,
५. फर्निचर तथा फर्निसिङका सामान आपूर्ति र मर्मत सम्भार,
६. विभिन्न सफ्टवयर सम्बन्धी कार्य,
७. ईलेक्ट्रोनिक्सका सम्पूर्ण सामाग्रीहरु मर्मत सम्भार तथा आपूर्ति,
८. भौतिक संरचनाको मर्मत तथा रंगरोगन,
९. ईन्धन आपूर्ति,
१०. सवारी साधन मर्मत सम्भार तथा पाटपुर्जा आपूर्ति,
११. भौतिक निर्माण सम्बन्धी कार्य,
१२. स्वास्थ्य सेवासँग सम्बन्धित वस्तु, सेवा, औषधी, उपकरण, केमिकल आदिको आपूर्ति,
१३. कृषि तथा पशुपंक्षी सम्बन्धी वस्तु, सेवा, औषधी, उपकरण, केमिकल आदिको आपूर्ति,
१४. उल्लेखित सूचीमा समावेश नभएका तर गाउँपालिकासँग सम्बन्धित वा आपूर्तिकर्ताले गर्न चाहेको अन्य वस्तु तथा सेवाको आपूर्ति,
१५. कार्यालयले आवश्यक ठानेमा प्रचलित कानून बमोजिम यस सूचनाको म्याद समाप्त भए पछि समेत सूचिकृत गर्न सकिनेछ ।

..............................
रिशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

नोटः दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । सूचिकृत गर्दा आपूर्तिकर्ताले वस्तु तथा सेवाको दररेट समेत पेश गर्नु पर्नेछ र पेश भएको दररेटका आधारमा न्यूनतम दररेटलाई आधार मानि खरिद प्रकिया अगाडी बढाईने छ ।

"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"

अध्यक्षः ९८४८२०८९१६, उपाध्यक्षः ९८४८३३९५४९, प्रमुख प्रशासकीय अधिकृतः ९८४१०५१२७६,
प्रशासनः ९८०२५४५८७५/९८४८१०७६७०, आर्थिक प्रशासनः ९८०४५४५८७१
website: naumulemun.gov.np Email: naumulegapa@gmail.com